# दलितहरुको सामाजिक, आर्थिक र शैक्षिक अवस्था

**(पोखरा म.न.पा वडा नं. ११ स्थित काहुँको एक अध्ययन)**

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आवश्यकता परिपूर्तिको लागि समाजशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत**

शोध पत्र


प्रस्तुतकर्ता

**शारदा सिग्देल**

**रोल नंः ९५/०६५**

**सिम्बोल नं. ४८०६८८**

**त्रि.वि.वि.रजिष्टर नं.: ६-२-४८-३७५२-२००५**



**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**समाजशास्त्र विभाग**

**पृथ्वीनारायण क्याम्पस, पोखरा**



२०७६

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
पत्र संख्या
चलानी नं.
( ........................... )
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal
520142
520143
520389
523462
526837
527440
531944

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आवश्यकता पूर्तिको निम्ति शोधार्थी छात्रा शारदा सिग्देलद्वारा "दलितहरुको सामाजिक आर्थिक र शैक्षिक अवस्थाः पोखरा म.न.पा. वडा नं. ११ काहुँको एक अध्ययन" शीर्षकमा आधारित रही तयार पारिएको शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । उक्त शोधपत्र प्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.......................................

(उप-प्राध्यापक तेज प्रसाद सुवेदी)

**शोध निर्देशक**

समाजशास्त्र तथा ग्रामिण शास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

**मितिः २०७६/ /**

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
पत्र संख्या
चलानी नं.
( ........................... )
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal
520142
520143
520389
523462
526837
527440
531944

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आवश्यकता परिपूर्तिको निम्ति शोधार्थी छात्र शारदा सिग्देलद्वारा यस विभागमा प्रस्तुत गर्नुभएको "दलितहरुको सामाजिक आर्थिक र शैक्षिक अवस्था : पोखरा म.न.पा. वडा नं. ११ काहुँको एक अध्ययन" शीर्षकमा तयार पारिएको शोधपत्रलाई मूल्याङ्कन समितिबाट स्नातकोत्तर उपाधिका लागि उचित ठहऱ्याइएकोले स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

........................................
(उप-प्राध्यापक तेजप्रसाद सुवेदी)

**शोध निर्देशक**
समाजशास्त्र तथा ग्रामिण शास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

....................................
(उप-प्राध्यापक मुकुन्द लम्साल)
**बाह्य परीक्षक**
समाजशास्त्र तथा ग्रामिण शास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

....................................
(प्रा.डा.विश्वकल्याण पराजुली)
**विभागीय प्रमुख**
समाजशास्त्र तथा ग्रामिण शास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा
**मिति :**

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस पोखरा, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अर्न्तगत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आवश्यकता पूरा गर्नका निम्ति “दलितहरुको सामाजिक आर्थिक र शैक्षिक अवस्था : पोखरा म.न.पा. वडा नं. ११ स्थित काहुँको एक अध्ययन शीर्षकमा त्यहा बसोबास गर्ने दलित समुदालाई लक्षित गरि अध्ययन गरिएको छ । अध्ययनको सिलसिलामा आफ्नो कार्य व्यस्तताको बाबजुद पनि महत्वपूर्ण समय उपलब्धगराई अमुल्य सहयोग, सुझाव तथा प्रेरणा प्रदान गरी मेरा हरेक पाइलाहरूमा पथ प्रर्दशन गर्नुहुने शोध निर्देशक आदरणीय गुरु तेजप्रसाद सुवेदीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसैगरी यस शोध अध्ययनको कार्यमा थप उत्सुकता, एवम् हौसला प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा.विश्वकल्याण पराजुलीज्यूप्रति कृतज्ञता व्यक्त गर्दछु । मेरो शोध अध्ययनको बाह्य परीक्षकको भूमिका निभाई आवश्यक सल्लाह सुझाव दिनुहुने उप-प्राध्यापक मुकुन्द लम्साल ज्यूप्रति कृतज्ञता व्यक्त गर्दछु । साथै विभागका सम्पूर्ण प्राध्यापकज्यूहरू प्रति आभार व्यक्त गर्दछु ।

प्रथमत यस शोध अध्ययनका लागि भरपूर समय दिई मेरा जिज्ञासाहरुलाई झर्को नमानीकन आफ्ना भनाईको माध्यमबाट तथ्य उपलब्ध गराउनुहुने उत्तरदाताहरुलाई धन्यवाद दिन चाहन्छु । शोध पत्र तयारीको क्रममा यस शोध अध्ययनसँग सम्बन्धित पाठ्यपुस्तक उपलब्ध गराउने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय, पोखरा एवम् विभिन्न लेख रचना, पुस्तकहरु जो मैले सेकेण्डरी तथ्याङ्कको रुपमा लिए उक्त तथ्याङ्कक लेखक विद्वानहरु सम्पूर्णप्रति आभारी छु ।

मलाई स्नातकोत्तर तहसम्म पुऱ्याउनका लागि शिक्षा प्रदान गर्ने सम्पूर्ण गुरुप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । विभिन्न दुःख, कष्ट सहेर मेरो शिक्षामा लगानी गर्ने, आदरणीय बुबा, आमा, साथै यस शोधपत्र सम्पन्न गर्नका लागि समय उपलब्ध गराउनुहुने मेरा श्रीमान् शालिकराम अधिकारीलाई म हृदयदेखि सम्मान र प्रशंसा व्यक्त गर्दछु ।

**मिति : २०७६/४/२५** **शारदा सिग्देल**

# शोधसार

राष्ट्रिय राजनीति र राज्यको अर्धसामन्ती चरित्रमा खासै परिवर्तन नआएकाले दलितहरूको अवस्था, हैसियत र राज्यसत्तामा पहुँचमा उल्लेखनीय सुधार हुन अझै सकिरहेको छैन । वास्तवमा जातीय प्रथा सामन्तवादी राज्यसत्ताले आफ्नो राजनीतिक स्वार्थ पूरा गर्न गरेको सामाजिक विभाजन हो यसले गर्दा जनसंख्याको ठूलो हिस्सा संरचनागत ढंगले नै उपेक्षित रहन गएको छ । केही दलित नेताहरूको दृष्टिकोणमा दलितहरू शुद्र होइनन् बरु यिनीहरू चतुरवर्ण बाहिरका समुदाय हुन् भन्ने भनाई पनि छ ।

प्रस्तुत शोध अध्ययन **"दलितहरुको सामाजिक आर्थिक र शैक्षिक अवस्थाः पोखरा म.न.पा. वडा नं. ११ काहुँको एक अध्ययन"** शीर्षकमा आधारित रही दलितहरुको सामाजिक, आर्थिक र शैक्षिक अवस्था कस्तो रहेको छ ? दलित समुदाय प्रति अन्य समुदायको कस्तो धारणा रहेको छ ? दलितका छोराछोरीको शिक्षामा सहभागिता रहने सम्बन्धमा परिवारको कस्तो दृष्टिकोण रहेको छ ? दलितहरु पछि पर्नुमा कुनकुन पक्षले प्रमुख भूमिका खेलेको छ ? दलितको सामाजिक, आर्थिक र शैक्षिक कुन पक्षले कस्तो प्रभाव पारेको छ ? जस्ता समस्याको समाधानको लागि दलितहरुको सामाजिक, साँस्कृतिक, आर्थिक र शैक्षिक अवस्था पत्ता लगाउने, दलितहरुको आर्थिकताले शिक्षामा कस्तो प्रभाव पारेको सो पत्ता लगाउनु, समाजमा दलित जातिको सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा रहेको पहुच र सहभागिताको खोजी गर्नु । उद्देश्य लिइएको छ । उक्त उद्देश्य पूरा गर्नको पोखरा महानगरपालिका वडा नं. ११ स्थित काहुँ लाई अध्ययन क्षेत्र बनाई सीमा निर्धारण गरिएको छ भने शोध अध्ययनको उद्देश्य पूरा गर्नको लागि अर्न्तवार्ता अनुसूची र वैयक्तिक अध्ययनलाई मुख्य विधि अपनाई तथ्याङ्क शोधको लागि तथ्य सङ्कलन गरी विश्लेषणात्मक अनुसन्धान ढाँचा अनुरुप मुख्य रुपमा प्राथमिक तथ्य र गौण रुपमा द्वितीय तथ्य लिई प्राप्त तथ्यलाई तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

अध्ययन क्षेत्रमा छनौटमा परेका ५० घरधुरी उत्तरदातासँग तथ्य लिदा पुरुषको तुलनामा महिलाहरु बढी रहेका, पारिवारिक अवस्थामा संयुक्त परिवार भन्दा एकल परिवार, हिन्दु धर्म मान्नेको संख्या बढी भएतापनि क्रीश्चियन धर्म मान्नेको संख्या पनि बढ्दै गएको पाइन्छ । उत्तरदाताको शैक्षिक अवस्थामा समग्रमा उल्लेखनीय वृद्धि भएको पाइयो । दतिलहरुका आफ्नै छुट्टै पहिचानका कुनै त्यस्ता संस्कारहरु पाइएन उनीहरुका संस्कारहरु भनेका बाह्मण क्षेत्रीहरुले जे जस्ता संस्कारहरु अगाली आएका छन् सोही अनुसार नै अनुकरण गर्दै आएको पाइयो । भेषभुषामा फरक खालको नभई सामान्य पाइन्ट, कमिज, दौरा सुरवाल, कोट अनि गुन्यू चोलो र कुर्था सलवार रहेको पाइयो भने खानपानमा सामान्य दालभात नै बढी रहेको र बढी मात्रामा माछामासु, जाड रक्सी बढी खाने गरेको पाइयो ।

घरको अवस्थामा प्राय पक्की घर नै बढी रहेका, खेतीपाती कम बैदेशिक रोजगारलाई मुख्य पेसाको रुपमा अगालेको पाइन्छ भने केहीले आफ्ना जातीय परम्परा अनुसारकै सिलाईकटाई र फलामका भाडा निर्माण व्यवसाय अँगालेको पाइन्छ । आयस्रोतको रुपमा २५ हजार देखि ५० हजारसम्म आम्दानी गर्ने उत्तरदाता बढी रहेका छन् । आम्दानीबाट सन्तुष्टि लिएका साथसाथै आफ्ना बालबच्चाहरुलाई सामुायिक विद्यालय, निजी विद्यालय साथसाथै उच्च शिक्षा हासिलको लागि पृथ्वीनारायण क्याम्पस, कन्या क्याम्पसमा सम्म पढाएको पाइयो । अध्ययन क्षेत्रका दलितहरुको हालको सामाजिक अवस्था सम्बन्धमा विगतका आफ्ना जिजुबाजेले भोग्नुपरेको  छि, छि, दुर दुर व्यवहार र हलेचक्राई गरे जस्तै गरी नाम विगारेर अशिष्ट असव्य तरिकाले बोलाउने, भोजभतेरमा सामेल नगर्ने कुनै कारणवस गइहाले उनीहरुलाई कसैसँग नछोइने गरी कुनामा बसाली खान दिने अर्थात भोजभतेरको रहेको खाना उनीहरुलाई बोलइ दिने जस्ता प्रचलन थिए । हालको अवस्थामा त्यसो नभई बाहिरी संगसगठनमा आवद्धता, गैर दलितका संस्कारहरुमा पनि निम्तो दिने, बोली बचनमा पनि आदरार्थी राखेर बोल्ने, झनै भन्नुपर्दा गैर दलितहरुले नै उनीहरुलाई आचरणका व्यवहाहरु सिकाउने आवश्यक परेको बेलामा सहयोग सद्भाव गर्ने गरको जानकारी अध्ययन क्षेत्रका उत्तरदाताहरुबाट पाइयो ।

सामाजिक हैसियतको रुपमा दलितहरु वडाको वडा सदस्यहरु भएका, आमा समुह, युवा क्लवका सदस्य अध्यक्ष पदमा पनि उनीहरु पुगेका सामाजिक हितको लागि निर्णय गर्नुपर्दा निर्णय प्रत्रियामा उनीहरुलाई समाहित गरी राय सल्लाह लिने गरेको । कतिपय ठाउमा उनीहरुको निर्णय पनि मान्य रहेको अध्ययन क्षेत्रबाट पाइन्छ । शिक्षाको लागि प्रभाव सम्बन्धमा प्राय दलितहरु कम पढेपनि आफ्ना बालबच्चाहरु पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको । अध्ययन क्षेत्रका उत्तरदाता ज्यालामजदुर कृषि कार्यमा धेरै भएतापनि परिवारका सदस्यहरु बैदेशिक रोजगारमा लाग्दा बैदेशिक रोजगारबाट मनग्य आम्दानीले आफ्ना छोराछोरीहरु, नातिनातिनाहरुलाई राम्रो शिक्षा दिएको पाइयो । समग्र रुपमा दलितहरुको सामाजिक, आर्थिक र शैक्षिक अवस्थामा परिवर्तन आउनुको कारणहरुमा सामाजिक समुहमा आवद्धता, सञ्चारको माध्यम, प्रविधि, भू-बनावट, बैदेशिक रोजगार सामाजिक साँस्कृतिक सुधारका कार्यहरु रहेको पाइयो भने मुख्य रुपमा सरकारी संयन्त्रबाट नै उनिहरुको अनुकुलता अनुसारको कानुन, नीति नियमको निर्माण, आरक्षण एवम् शिक्षा आर्जन गर्नका लागि आर्थिकता, पोषण र पोशाकमा निःशुल्क उपलब्धताले उनीहरुको सामाजिक अवस्था अत्यन्तै वृद्धि भएको पाइन्छ । सरकारी निकायका निजामति सेवा, शिक्षा सेवामा लगायतका सरकारी, सामुदायिक क्षेत्रमा उनीहरुलाई आरक्षणको व्यवस्थाले गर्दा समग्र राष्ट्रको लागि केही हानी त हुन्छ अर्थात् सक्षम व्यक्तिहरु पछाडि पर्ने एकातिर छ भने दलितहरुको लागि ठूलो शौभाग्य जुटेको अध्ययन क्षेत्रबाट पाइन्छ ।

# विषय सूची


| | | |
|---|---|---|
| *सिफारिस पत्र* | | *i* |
| *स्वीकृति पत्र* | | *ii* |
| *कृतज्ञता ज्ञापन* | | *iii* |
| *विषय सूची* | | *iv* |
| *तालिका सूची* | | |
| *संक्षेपीकरण* | | *vii* |
| *शोधसार* | | *viii* |
| **अध्याय एकः** | **परिचय** | **१-९** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अध्ययनको उद्देश्य | ७ |
| १.४ | अध्ययनको महत्त्व | ७ |
| १.५ | अध्ययनको सीमा | ८ |
| १.६ | अध्ययनको संगठनात्मक ढाँचा | ८ |
| **अध्याय दुईः** | **साहित्यको समिक्षा** | **१०-२२** |
| २.१ | अवधारणगत पृष्ठभूमि | १० |
| २.२ | सैद्धान्तीक पुनरावलोकन | १५ |
| २.३ | पूर्व साहित्यको समिक्षा | १९ |
| २.४ | अवधारणागत खाका | २१ |
| **अध्याय तीनः** | **अनुसन्धान विधि** | **२३-२५** |
| ३.१ | अध्ययन क्षेत्रको छनौटको औचित्य | २३ |
| ३.२ | अनुसन्धानको ढाँचा | २३ |
| ३.३ | नमुना छनोट विधि | २४ |
| ३.४ | तथ्याङ्कको प्रकृति र स्रोतहरु | २४ |
| ३.५ | प्राथमिक तथ्याङ्क संकलन विधि | २४ |

३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण २५
**अध्याय चार :दलितहरुको जनसाङ्ख्यिक अवस्था २६-३३**
४.१ अध्ययन क्षेत्रको परिचय २६
४.२ जनसाङ्ख्यिक विवरण २६
४.२.१ लिङ्गको आधारमा उत्तरदाताको विवरण २७
४.२.२ उत्तरदाताको परिवारको विवरण २८
४.२.३ उत्तरदाताको शैक्षिक विवरण २८
४.२.४ उत्तरदाताको धार्मिक विवरण २९
४.२.५ उत्तरदाताको जन्मदेखि मुत्युसम्मका संस्कारहरु ३०
४.२.६ उत्तरदाताको घरको बनावट र ढाँचा ३३
**अध्याय पाँच : दलितहरुको सामाजिक, आर्थिक र शैक्षिक अवस्था ३४-४६**
५.१ सामाजिक अवस्था ३४
५.१.१ सामाजिक हैसियतमा आएको परिवर्तन ३५
५.२ दलितहरूको आर्थिक अवस्था ३६
५.२.१ उत्तरदाताको मुख्य पेशा ३७
५.२.२ मासिक आम्दानी ३८
५.२.३ आम्दानीबाट सन्तुष्ट ३९
५.३ शैक्षिक अवस्था ३९
५.३.१ शिक्षामा आएको परिवर्तन ३९
५.४ सामाजिक आर्थिक र शैक्षिक अवस्थामा परिवर्तनका कारणहरु ४०
५.५ तालिम/गोष्ठि/भ्रमण ४६
**अध्याय छ : सारांश र निष्कर्ष ४७-५२**
६.१ सारांश ४८
६.२ निष्कर्ष ५०
*सन्दर्भग्रन्थ सूची*
अनुसूची १ : *अर्न्तवार्ता प्रश्नावली अनुसूची*
*अनुसूची २: अध्ययन क्षेत्रको नक्सा*

# तालिका सूची


| टेबल | शीर्षक | पेज |
|---|---|---|
| ४.१ : | काहुँमा अवस्थित जातजातिहरुको जनसाङ्ख्यिक विवरण | २७ |
| ४.२ : | दलित समुदायको लैङ्गिक अवस्था | २७ |
| ४.३ : | उत्तरदाताको पारिवारिक विवरण | २८ |
| ४.४ : | उत्तरदाताको शैक्षिक विवरण | २९ |
| ४.५ : | उत्तरदाताको धार्मिक विवरण | ३० |
| ४.६ : | दलित जातिको घरको अवस्था | ३३ |
| ५.१ : | उत्तरदाताको पेशागत विवरण | ३७ |
| ५.२ : | उत्तरदाताको मासिक आम्दानी | ३८ |
| ५.३ : | उत्तरदाताको आफ्नो आम्दानीबाट सन्तुष्टि | ३९ |
| ५.४ : | उत्तरदाताको विद्यालय अध्ययन गर्ने छोराछोरीको विवरण | ४० |
| ५.५ : | उत्तरदाताको उ.मा.वि. र क्याम्पस अध्ययन गर्ने छोराछोरीको विवरण | ४० |
| ५.६: | उत्तरदाताको आर्थिक र शैक्षिक अवस्थामा सशक्तिकरण | ४१ |

# संक्षेपीकरण

| | | |
|---|---|---|
| म.न.पा. | : | महानगरपालिका |
| गै.स.सं. | : | गैरसरकारी संस्था |
| डि.एन.एफ. | : | दलित गैरसरकारी संस्था महासंघ |
| वि.क. | : | विश्वकर्मा |
| सन् | : | इस्वी सम्वत |
| INGO | : | International Non Government Organization |
| NGO | : | Non Government Organization |